मिति २०८२/१०/२९ गते तदअनुसार ने.सं. ११४६ सिल्लागा दशमि बिहिवार बिहान ९:०० बजे पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री महेश खरेलज्यूको अध्यक्षतामा तपशील बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसेको कार्यपालिकाको १५८ औं बैठकले देहायका विषयमा छलफल गरि निर्णय पारित गरियो।

<u>उपस्थिती</u>

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री महेश खरेल | नगर प्रमुख | |
| २. | श्री सुर्यमाया दनुवार | नगर उप-प्रमुख | |
| ३. | श्री पुरुषोत्तम सापकोटा | सचिव | |
| ४. | श्री सञ्जय तामाङ | नगर प्रवक्ता तथा सदस्य | |
| ५. | श्री जय बहादुर तामाङ | सदस्य | |
| ६. | श्री रामेश्वर दाहाल | सदस्य | |
| ७. | श्री सुन्दर अधिकारी | सदस्य | |
| ८. | श्री सुन्दर तामाङ | सदस्य | |
| ९. | श्री सिताराम ढुंगाना | सदस्य | |
| १०. | श्री रामशरण दुलाल | सदस्य | |
| ११. | श्री रामकृष्ण दंगाल | सदस्य | |
| १२. | श्री रामकाजी श्रेष्ठ | सदस्य | |
| १३. | श्री नारायण प्रसाद सापकोटा | सदस्य | |
| १४. | श्री हिराकाजी तामाङ | सदस्य | |
| १५. | श्री ज्ञान बहादुर दनुवार | सदस्य | |
| १६. | श्री सुकुविर तामाङ | सदस्य | |
| १७. | श्री यसोदा वसेल | सदस्य | |
| १८. | श्री सृजना परियार | सदस्य | |
| १९. | श्री सरस्वती फैजु | सदस्य | |
| २०. | श्री सुमित्रा खरेल | सदस्य | |
| २१. | श्री कल्पना ढुंगाना | सदस्य | |
| २२. | श्री माइली दनुवार | सदस्य | |
| २३. | श्री सुरेश भुजेल शिवभक्ती | सदस्य | |
| २४. | श्री बालकृष्ण रोक्का | सदस्य | |
| २५. | श्री कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत | |

<u>बैठक संख्याः-१५८</u>

<u>मितिः-२०८२/१०/२९</u>

<u>नगर कार्यपालिकाको बैठकमा निर्णयका लागि पेश भएका प्रस्तावहरु</u>

१.गत वैठकको समिक्षा सम्बन्धमा।

२.सडक वोर्ड नेपाल मार्फत संचालन हुने योजना छनौट सम्बन्धमा।

३.त्रिवेणी मेनेजमेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि.लाई घ वर्गको ईजाजत उपलव्ध गराउने सम्बन्धमा।

४.फोहोर बोक्ने गाडि ट्रिपर मर्मत सम्बन्धमा।

५.जोखिमयुक्त फोहोर ढुवानीका लागी ट्रिपर प्रयोग सम्बन्धमा।

६. फोहोर वर्गिकरण पुर्वाधार निर्माण तथा सचेतना कार्यक्रम साझेदारी सम्बन्धमा।

७.पाँचखाल नगरपालीकाका वडा तथा पालिकाको सिमा सम्वन्धमा ।

८.आर्थिक सहयोग सहायता सम्वन्धमा ।

९.स्वाँरा सामुदायिक वनमा विरुवा रोपनका लागी बुट्यान फडानी सम्वन्धमा ।

१०. करार सेवाका कर्मचारीलाई महंगि भत्ता उपलव्ध गराउने सम्वन्धमा ।

११.विविध सम्वन्धमा ।

## बैठक संख्या १५८
## मिति २०८२/१०/२९
## नगरकार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

गत कार्यपालिकाको बैठकबाट कार्यान्वयन गर्नुपर्ने निर्णयहरु कार्यान्वयन भइरहेको विवरण सम्बन्धित शाखाहरुबाट प्राप्त भएको हुँदा कार्यान्वयनमा खटिने सबै तह, निकाय, शाखालाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय नं. २**

आ.व. २०८२/८३ का लागि सडक बोर्ड नेपालबाट विनियोजित बजेटमा यस नगरपालिकाले ५०% रकम समपुरक म्याचिङ्ग फण्ड शीर्षकबाट ब्यहोरिने गरी निम्न योजना कार्यान्वयन गर्ने निर्णय गरियो।

१. पलाञ्चोक सडक पा.न.पा. ९

२. खहरे खोला सेरा हुँदै नमोबुद्ध सडक पा.न.पा. १२

३. खाटा मोटर बाटो पा.न.पा. ४

४. टुनिखोला कल्भर्ट वडा नं १

**निर्णय नं. ३**

त्रिवेणी मेनेजमेन्ट एण्ड कन्स्ट्रकसन प्रा.लि.लाई आवश्यक प्रकृया पुरा गरी घ वर्गको इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४**

यस पाँचखाल नगरपालिकाको फोहोर संकलन गर्न ट्रिपर(गाडी) इष्टिमेट बमोजिम मेसिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च शीर्षकबाट भुक्तानी हुने गरी मर्मत गराउने निर्णय गरियो।

**निर्णय नं. ५**

यस कार्यालयको फोहोर संकलन गर्ने ट्रिपर जोखिमयुक्त फोहोर संकलन तथा व्यवस्थापन कार्यमा प्रयोग गर्न पलाञ्चोक इन्भाइरोमेन्ट कन्जरभेसन एण्ड रिसर्च सेन्टर प्रा.लि. संस्थालाई पाँचखाल नगर क्षेत्र बाहिर समेत व्यवस्थापनको लागि प्रयोग गर्न अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. ६**

प्रथम विन्दुमानै फोहोर वर्गिकरण गरी संकलन गर्नका लागि आवश्यक पर्ने पूर्वाधार(फोहोर संकलन बुथ), प्रचार प्रसार सामाग्री र सचेतना कार्यक्रम यस नगरपालिका र पलाञ्चोक इन्भाइरोमेन्ट कन्जरभेसन एण्ड रिसर्च सेन्टर प्रा.लि. वीचको साझेदारीमा गर्ने र उक्त कार्यको लागि आवश्यक पर्ने बजेट वातावरण तथा फोहोर मैलासँग सम्बन्धित जनचेतनामुलुक कार्यक्रम प्रत्येक वडामा संचालन गर्ने शीर्षकबाट भुक्तानी व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. ७

क.पाँचखाल नगरपालिकाको १३ वटा वडाहरु मध्ये केही वडाहरुको सीमा वास्तविक अवस्थिती भन्दा फरक पर्ने गरी नक्शाङ्कन अभिलेख रहेको हुँदा स्थलगत निरिक्षण गरी यस नगरपालिकाको नक्शा मिलाई गुगल म्यापमा अभिलेख रहने गरी नक्शा संशोधनको प्रकृया अघि बढाई दिन आवश्यक कारवाहीकालाई मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय वागमती प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो।

ख.यस जिल्लाको भुम्लु गाँउपालिका वडा नं १० साविक दोलालघाट गा.वि.स. दोलालघाट क्षेत्र यस नगरपालिकाको वडा नं ८, ९ र ११ को सिमामा जोडिएको, सुनकोशी नदीको पश्चिममा रहेको भौगोलिक सिमामा कुनै समस्या नरहेको, स्थानिय जनतालाई सरकारी सेवा लिन भुम्लु गा.पा. भन्दा पाँचखाल नगरपालिका पायक पर्ने भएको र स्थानीय जनताको भावना पनि पाँचखाल नगरपालिकामा समायोजन भए राम्रो हुने थियो भन्ने बुझिएको हुँदा भुम्लु गा.पा. र यस नगरपालिकाको आपसी समझदारीमा वडा समायोजन प्रकृयाका लागि बागमती प्रदेश सरकार मुख्य मन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गरी पठाउने निर्णय गरियो।

निर्णय नं. ८

अन्य व्यक्ती तथा संस्था सहायता शिर्षकबाट देहायका व्यक्तीहरुलाई देहाय बमोजिमको औषधी उपचार सहयोग/विपन्न सहायता गर्ने निर्णय गरियो।।

| क्र.सं. | नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | अमृत खड्का | पाँचखाल-९ | २००००/- | मष्तिष्कघात |
| २ | रण बहादुर तामाङ | पाँचखाल-८ | १००००/- | छाला सम्बन्धी रोग |
| ३ | सविन सापकोटा | पाँचखाल-८ | १००००/- | कम्मर मुनिको भाग नचल्ने |
| ४ | सुकुराम श्रेष्ठ | पाँचखाल-६ | १००००/- | काजक्रिया सहयोग |
| ५ | भरत लामा | पाँचखाल-८ | १००००/- | क्यान्सर |
| ६ | रत्न बहादुर तामाङ | पाँचखाल-८ | १००००/- | मृगौलामा समस्या |
| ७ | अम्बिका कंडेल | पाँचखाल-१ | १००००/- | क्यान्सर |
| ८ | निकेश दनुवार | पाँचखाल-१२ | १००००/- | हर्मोनको समस्या |
| ९ | सुकविर तामाङ | पाँचखाल-१३ | १००००/- | स्पाइल इन्जुरी |
| १० | चन्द्रिका रोक्का(सार्की) | पाँचखाल-९ | १००००/- | नसा च्यापिएको |
| ११ | बुद्धी बहादुर दनुवार | पाँचखाल-४ | १००००/- | कलेजोमा समस्या |
| १२ | रुद्र बहादुर शाह | पाँचखाल-१२ | १००००/- | मुटुको समस्या |
| १३ | पदम बहादुर सार्की | पाँचखाल-९ | १००००/- | कलेजो र फोक्सोमा समस्या |
| १४ | सानी दनुवार | पाँचखाल-१२ | १००००/- | ब्लड क्यान्सर |
| १५ | शिव दनुवार | पाँचखाल-१२ | १००००/- | पेट र कलेजोमा समस्या |
| १६ | राम प्रसाद गौतम | पाँचखाल-६ | १००००/- | मुटु तथा फोक्सोमा समस्या |

निर्णय नं. ९

स्वारा सामुदायिक वन पा.न.पा. ११ लगायत पाँचखाल नगर क्षेत्र भित्र रहेका सामुदायिक वनहरुमा विरुवा रोपण तथा संरक्षणका लागि बुट्यान, झाडी फडानी र सम्भव भएको स्थानमा सिंचाईको व्यवस्था मिलाउन वन वातावरण शाखालाई निर्देशन गर्ने र उक्त कार्यका लागि आवश्यक पर्ने बजेट सामुदायिक वनमा रोपिएका आम्दानीमूलक विरुवाहरु गोडमेल तथा व्यवस्थापन शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १०

यस नगरपालिकाको करार सेवामा काम गर्ने कर्मचारीको सेवा सुविधा सम्बन्धी कार्यविधी २०८२ स्वीकृत गर्ने निर्णय गरियो साथै यस नगरपालिका र अन्तर्गतका कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारीहरु(न.पा. तथा कार्यक्रम तर्फ)लाई स्थायी सेवामा रहेका कर्मचारी सरह २०८२/०४/०१ देखि नै महँगी भत्ता शीर्षकबाट महँगी भत्ता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ११(विविध)

क.पाँचखाल नगरपालिका भित्र निर्मित विभिन्न सडकहरु मर्मत सुधार शीर्षकबाट खर्च भुक्तानी हुने गरी प्राविधिक इष्टिमेट वमोजिम निम्न सडकहरुको मर्मत सुधार गराउने निर्णय गरियो।

१.वडा नं ८ स्थित साकिने जलढुङ्गे सडकमा ढुङ्गा फुटाउने, शहरी विकासले पिच गरेको ठाँउमा पहिरो गएकोले पहिरो पन्छ्याउने, चिसापानीमा १५० मी. नयाँ ट्र्याक खन्ने।

२.पाँचखाल नगरपालिका वडा नं ५ केराघारी रयाले सडकको घोप्टेढुङ्गा भन्ने ठाँउमा ग्याविन भर्ने।

३.तामाघाट डाँफेखोला कृषि सडक अन्तर्गतको फोहोर प्रशोधन केन्द्रसम्मको सडक।

ख. प्रदेश प्राविधिक तथा व्यवसायीक शिक्षा एंव तालिम परिषद हेटौडा र यस नगरपालिकाका विच सिपमुलक तालिम कार्यक्रम संचालन गर्न भएको दुई पक्षीय सम्झौता बमोजिम यस नगरपालिकाले व्यहोर्नुपर्ने ४०% रकम रु.२,२९,२००/- अन्य समपुरक म्याचिङ्ग फण्ड शीर्षकबाट खर्च भुक्तानी हुने गरी साझेदारीमा सिलाई कटाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

ग.पाँचखाल नगरपालिका वडा नं ११ को स्वामित्वमा रहेको ५० के.भि. को ट्रान्सफर्मर ग्रामिण विद्युतीकरण पाँचखाल १२ लाई नियमानुसार हस्तान्तरण गर्न वडा नं ११ को कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

घ.छुटपुट भएका जनता र जेष्ठ अशक्त नागरिकहरुको राष्ट्रिय परिचय पत्र बनाउनका लागि जिल्ला प्रशासन कार्यालय काभ्रेबाट खटीई आउनु भएका कर्मचारीलाई २ महिनाको सहायक पाँचौं तहका कर्मचारीले पाउने पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

ङ.विविध कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी हुने गरी श्रमजिवी कृषक महिला सञ्जाल पाँचखाल १२ लाई मादल ४ थान र झ्याली ४ थान उपलब्ध गराउने निर्णय गरियो।

च.नेपाल नगरपालिका संघको वार्षिक सदस्यता शुल्क वापत आ.व. २०७९/८० देखि आ.व. २०८२/८३ सम्मको रकम रु.२,००,०००/-(दुई लाख) नेपाल नगरपालिका संघलाई विविध कार्यक्रम खर्च शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

छ.नगर आधारभूत अस्पताल पाँचखालमा रात्रीकालिन सेवामा खटिने नगर प्रहरीलाई रासन खर्च बापत मासिक रु.५,०००/- नगर प्रहरीको पारिश्रमिक तथा अन्य सुविधा शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

ज.आधारभूत अस्पताल दुलालथोकमा ड्युटी आवर पश्चात समेत त्यहाँ कार्यरत चिकित्सकले अतिरिक्त समयमा समेत चिकित्सकिय सेवा उपलब्ध गराई रहेका मेडिकल अफिसरहरु(चिकित्सकहरु)लाई खाईपाई आएको सुरु तलब स्केलको ३०% रकम (नियमानुसार लाग्ने करकट्टी हुनेगरी) कर्मचारी प्रोत्साहन भत्ता शीर्षकबाट भुक्तानी हुनेगरी प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

झ.यस पाँचखाल आधारभूत अस्पतालको आफ्नै भवन रहेको र आधारभूत अस्पतालबाट उपलब्ध गराउने सेवा, सुविधा तथा स्वास्थ्य विमा कार्यक्रम संचालनका लागि आवश्यक पर्ने भौतिक संरचना, जनशक्ती व्यवस्थापन तथा औषधी उपकरणका लागि आवश्यक पर्ने अनुमानित रकम रु.८०,००,०००/-(असी लाख) अनुदान सहयोग उपलब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गरी पठाउने निर्णय गरियो।

*(बैठकमा प्रस्तुत एजेण्डाहरुमाथी कुनैपनि फरक मत नरहेको हुँदा सर्वसम्मत निर्णय गरिएको छ।।)*

निर्णय प्रमाणित